# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशन भएको मिति २०७७/०७/०३

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अर्न्तगत संचालित समृद्धि आयोजना (RERP) सँगको सहकार्यमा सञ्चालन गरिने सहकारीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमका लागि तपसिल अनुसारका जनशक्तिको आवश्यकता भएको हुँदा देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकले आफ्नो शैक्षिक योग्यता, नागरिकता, तालिम र अनुभव खुल्ने प्रमाणपत्रका प्रतिलिपीहरु, हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो एवं यस वित्तीय संस्थाले तोकेको ढाँचाको दरखास्त फाराम नं. २, अनुसूची- १ भरी यो सूचना पत्रिकामा प्रकाशित मितिले १५ दिन भित्र (दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिन) कार्यालय समय भित्रमा तलको ठेगानामा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

| क्र.सं. | पद | पद संख्या | अवधि | मासिक पारिश्रमिक तथा सुविधा | स्थान | योग्यता | उमेरको हद |
|---|---|---|---|---|---|---|---|
| १ | तालिम विज्ञ (Training Specialist) | १ (एक) | आ.व. २०७७/०७८ का लागि बढीमा १० (दश) महिना | मासिक रु.१ लाख ३० हजार पारिश्रमिक तथा फिल्ड भ्रमण गर्दा यस वित्तीय संस्थाको वरिष्ठ प्रबन्धक सरहको दैनिक भत्ता र वास्तविक खर्चका आधारमा भ्रमण खर्च | यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सुविधानगर, काठमाडौं । (आवश्यकता अनुसार नेपाल सरकारको Samriddhi आयोजना कार्यान्वयनमा रहेका सम्पूर्ण जिल्ला तथा पालिकाहरुमा भ्रमण गर्नु पर्ने) | कुनै विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र बैंक तथा वित्तीय संस्थामा अधिकृतस्तरमा कम्तीमा १० वर्ष सहित न्यूनतम १५ वर्ष काम गरेको अनुभव भएको हुनु पर्नेछ । साथै राष्ट्रिय/अन्तरराष्ट्रिय स्तरमा सहकारी, लघुवित्त सम्बन्धी तालिम प्राप्त गरेको, सहकारी प्रवर्धन विषयमा तालिम प्रदान गरेको र नेपाल सरकार वा सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरेको संगठित संस्थामा अधिकृतस्तर प्रथम श्रेणी सरह वा सो भन्दा माथिल्लो जिम्मेवारीमा रही कार्य गरेकोलाई विशेष ग्राह्यता दिइनेछ । | विज्ञ सेवा छोटो अवधिको लागि लिने भएकोले उमेरको हद अनिर्वाय नभएको । |
| २ | लघुवित्त तथा सहकारी विज्ञ (Microfinance and Cooperative Expert) | १ (एक) | | मासिक रु. ८० हजार पारिश्रमिक तथा फिल्ड भ्रमण गर्दा यस वित्तीय संस्थाको प्रबन्धक सरहको दैनिक भत्ता र वास्तविक खर्चका आधारमा भ्रमण खर्च | यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सुविधानगर, काठमाडौं । (आवश्यकता अनुसार नेपाल सरकारको Samriddhi आयोजना कार्यान्वयनमा रहेका सम्पूर्ण जिल्ला तथा पालिकाहरुमा भ्रमण गर्नु पर्ने) | कुनै विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थामा कम्तीमा ५ वर्ष अधिकृतस्तरमा काम गरेको अनुभव भएको हुनु पर्नेछ । साथै सहकारी व्यवस्थापन सम्बन्धित तालिम सञ्चालन तथा अनुसन्धान र प्रतिवेदन लेखन सम्बन्धी अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ । | विज्ञ सेवा छोटो अवधिको लागि लिने भएकोले उमेरको हद अनिर्वाय नभएको । |

**मासिक पारिश्रमिकका अतिरिक्त थप सुविधाहरु :**

**विदा सुविधा :** (१) मासिक १ दिन भैपरी विदा । मासिक १ दिन विरामी विदा (विरामी विदा आर्थिक दायित्व बहन नहुने गरी सम्झौता अवधिभर सञ्चित हुने)

**बीमा सुविधा :** रु.२० लाख सम्मको दुर्घटना र रु.१ लाख सम्मको स्वास्थ्य बीमा सेवा अवधिभर कायम रहने गरी बीमा गरिने छ ।

आवेदक नेपाली नागरिक र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान हासिल गरेको हुनु पर्नेछ । वैयक्तिक विवरण (दरखास्त फाराम) को ढाँचा र Terms of Reference (ToR) यस वित्तीय संस्थाको Website: http://skbbl.com.np बाट Download गरी प्राप्त गर्न सकिनेछ । रित नपुगेको तथा तोकिएको समय भन्दा पछि प्राप्त हुने आवेदन उपर कुनै कारवाही गरिने छैन । छनौट सूचीमा परेका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्ताका लागि सूचित गरिनेछ ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय सुविधानगर, काठमाण्डौ, नेपाल
फोन : ०१-४१११७५२/८२८